केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/०२/०७२/७३ मिति: २०७२/०४/२१

**"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका वित्तीय संस्थाहरुको लागि देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

(१) यस बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७२ को बुँदा नं. २२.७ लाई देहाय बमोजिम संशोधन गरिएको छ।

*"**२२.७ बैंकदर सम्बन्धमा:** यस बैंकबाट इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) **७.०** प्रतिशत कायम गरिएको छ।"*

(२) यस बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७२ को बुँदा नं. ३.२ को खण्ड (क) तथा (ग) मा देहाय बमोजिम संशोधन गरिएको छ।

*"(क) विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामुहिक जमानीमा लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रति समूह सदस्य बढीमा एक लाख रुपैयासम्म लघुकर्जा उपलब्ध गराउन सकिने छ। विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा **तीन** लाख रुपैया सीमा कायम गरिएको छ।"*

*"(ग) विपन्न तथा न्यून आय भएका व्यक्तिलाई स्वीकारयोग्य धितो लिई लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रति समूह सदस्य बढीमा रु. तीन लाख रुपैयासम्म लघुकर्जा उपलब्ध गराउन सकिने छ। विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा **सात** लाख रुपैया सीमा कायम गरिएको छ। बैंक तथा वित्तीय संस्था नभएका गा.वि.स.हरुमा लघुवित्त वित्तीय संस्थाहरुबाट स्वीकारयोग्य धितो लिई समूहमा आबद्ध भएका तथा नभएका व्यक्तिहरुलाई लघुउद्यम सञ्चालन गर्न रु. **सात** लाखसम्म कर्जा प्रदान गर्न सकिनेछ।"*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(३) यस बैंकबाट वित्तीय मध्यस्थताको कारोवार गर्न अनुमतिपत्र प्राप्त गैर सरकारी संस्थाहरुलाई "घ" वर्गको लघुवित्त वित्तीय संस्थामा रुपान्तरण गर्ने सम्वन्धमा देहायको निर्देशन जारी गरिएकोछ ।

*"यस बैंकबाट वित्तीय मध्यस्थताकर्ताको कारोवार गर्न अनुमतिपत्रप्राप्त गैर सरकारी संस्थालाई "घ" वर्गको लघुवित्त वित्तीय संस्थामा परिणत हुनका लागि २०७२ पुस मसान्तसम्मका लागि समयावधि थप गरिएको छ ।"*

भवदीय,

(शिवनाथ पाण्डे)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।